सामुदायिक विद्यालयमा आइसिटि ल्याब,स्मार्ट बोर्ड र इ लाइब्रेरीको स्थापना सम्बन्धी मापडण्ड, २०७६

| क्रस | खण्ड | विस्तृतिकरण |
|---|---|---|
| ०१ | परिचय | शिक्षा विकास निर्देशनालयको आ.ब २०७६।७७ को लागि स्वीकृत कार्यक्रम अनुसार सामुदायिक माध्यमिक विद्यालयमा आइसिटि ल्याव,इ–लाइब्रेरी र स्मार्ट बोर्डको स्थापना गर्नका बजेट विनियोजना भए अनुसार कार्यक्रमलाई पारदर्शी, ब्यबस्थित र नतिजा मूलक बनाउने अभिप्रायले यो मापडण्डको ब्यबस्था गरिएको हो। |
| ०२ | उद्देश्य | यो मापडण्डको उद्देश्य निम्नानुसार रहेको छ:<br>1. आइसिटि ल्याव,इ–लाइब्रेरी र स्मार्ट बोर्डको स्थापना गर्ने विद्यालयको पहिचान गर्ने,<br>2. आइसिटि ल्याव,इ–लाइब्रेरी र स्मार्ट बोर्डको स्थापना गर्ने विद्यालय छनौटको मापडण्ड निर्धारण गर्ने,<br>3. मापदण्ड अनुसार छनोट भएका विद्यालयलाई आइसिटि ल्याव,इ–लाइब्रेरी र स्मार्ट बोर्डको व्यवस्था गर्नका लागि अनुदान प्रदान गर्ने। |
| ०३ | न्यूनतम शर्तहरु | 1. माध्यमिक तह सम्मा संचालित विद्यालय हुनुपर्ने,<br>2. विद्यालयमा विद्धुतको पुगेको र जडान गरेको हुनु पर्ने,<br>3. विद्धुत नपुगेको स्थानमा बैकल्पित व्यवस्था भएको हुनु पर्ने,<br>4. विद्यालयले कम्प्यूटर शिक्षक र ICT प्रयोगशालाको लागि कक्षा कोठाको व्यवस्था गरेको वि व्य स निर्णय संलग्न हुनु पर्ने । |
| ०४ | विद्यालय छनोटको आधारहरु | **1. माध्यमिक विद्यालय - १० पूर्णाङ्क**<br>क) कक्षा १ देखि १२ सञ्चालन भएको भए –१० अङ्क<br>ख) कक्षा १ देखि १० सम्म सञ्चालन भएको भए– ७ अङ्क<br>**2. विद्यार्थी सङ्ख्या - १० पूर्णाङ्क**<br>क) ३०० वा सो भन्दा माथि विद्यार्थी संख्या भएको विद्यालय भए – १० अङ्क<br>ख) ३०० भन्दा कम विद्यार्थी संख्या भएको विद्यालय भए –७ अङ्क<br>**3. छात्रा भर्नादर- १० पूर्णाङ्क**<br>क) कूल विद्यार्थी संख्याको ५० प्रतिशत वा सो भन्दा बढी छात्राहरु अध्ययनरत भए –१० अङ्क<br>ख) कूल विद्यार्थी संख्याको ५० प्रतिशत भन्दा कम छात्राहरु अध्ययनरत भए –७ अङ्क<br>**4. भौगोलिक क्षेत्र - १५ पूर्णाङ्क**<br>क) गाउँपालिकाको विद्यालय भए - १५ अङ्क<br>ख) नगरपालिकाको विद्याय भए – १२ अङ्क<br>ग) उपमहानगरपालिका/महानगरपिलकाको विद्यालय भए – १० अङ्क<br>**5. SEE को नतिजा - ५ पूर्णाङ्क**<br>क) विगत तीन वर्षको SEE को नतिजाको औषत GPA २:०० वा सो भन्दा बढी भए -१५ अङ्क<br>ख) विगत तीन वर्षको SEE को नतिजाको औषत GPA २:०० भन्दा कमी भए -३ अङ्क |

| | | |
|---|---|---|
| ०५ | प्रस्ताव आह्वानको सूचना | क) माध्यमिक विद्यालयको लागि आइसिटि ल्याव,इ–लाइब्रेरी र स्मार्ट बोर्डको स्थापना गर्नका लागि प्रस्ताब पेश गर्न १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने,<br>ख) प्रस्ताव आह्वान सगै प्रस्तावको मूल्याङ्कनको मापडण्ड, आधार र शर्तहरु शिक्षा विकास निर्देशनालयको वेवसाइडमा समेत प्रकाशित गर्ने। |
| ०६ | सुचि प्रकाशन | बुदा नं ४ को आधारमा छनोट भएका विद्यालयहरु नामावली निर्देशनालयको वोवसाइटमा प्रकाशित गरिने छ । वोवसाइडमा प्रकाशित भएको तीन दिन पछि सम्बन्धित विद्यालयलाई सम्झौताको लागि प्रत्राचार गरिनेछ। |
| ०७ | अनुदान रकम | छनोट भएका विद्यालयलाई आइसिटि ल्याव,इ–लाइब्रेरी र स्मार्ट बोर्डको स्थापना गर्न सम्झौता गरी प्रति विद्यालय रु पन्ध्र लाखका दरले अनुदान रकम निकासा दिईने छ । |
| ०८ | कार्य प्रारम्भ | छनौटमा परेका विद्यालयले निर्देशनालयले तोकिएको म्याद भित्र यस निर्देशनालयमा सम्झौता गरी सक्नु पर्नेछ । तोकिएको म्याद भित्र सम्झौता गर्न नआए त्यस्तो विद्यालयालाई कार्यक्रम दिन निर्देशनालय बाध्य हुनेछैन। |

<u>सामुदायिक विद्यालयमा आइसिटि ल्याब,स्मार्ट बोर्ड र इ लाइब्रेरीको स्थापना सम्बन्धी प्रस्ताव</u>

**परिच्छेद १ परिचय खण्ड**

**१.१ परिचय**

क) विद्यालयको नामः

ठेगाना

ख) प्रधानाध्यापकको नामः मो न्. इमेलः
ग) परियोजनाको नामः
घ) परियोजनाको लागत
ङ) परियोजनको खर्चको स्रोतः
च) परियोजना शूरु हुने मितिः
छ) परियोजना सम्पन्न मितिः

**१.२. विद्यालय परिचय**

क) विद्यालय : विद्यालयको स्थापना काल देखि हाल सम्मको अवस्था

ख) शैक्षिक उपलब्धिको अवस्था

ग बस्तिको सामाजिक नक्शा

घ) उद्देश्य

ङ) विद्यालयको वर्तमान अवस्था

- ❑ जनशक्ति
- ❑ विद्यार्थी संख्या
- ❑ शैक्षिक उपलब्धि
- ❑ भौतिक अबस्था (भवन र कोठा संख्या खुल्ने गरी)
- ❑ विधुत जडान व इलेक्ट्रिसिटिको अन्य ब्यबस्था

## परिच्छेद - दुई
## परियोजना संचालन प्रकृया

२. १ कार्य प्रकृय

क. खरिद तथा निर्माणको प्रकृया

ख. सार्वजिनक खरिद एन नियम अनुसारको प्रकृया अनुसार के कसरी गरिने हो उल्लेख गरिनु पर्ने

ग) वि व्य स को निर्णय आदि

२.२. विषय प्रयोगशालाको प्रस्ताव :

- विज्ञान प्रयोगशाला नभएका विद्यालयले विज्ञान प्रयोगशालाको प्रस्ताव पेश गर्नु पर्ने
- विज्ञान प्रयोगशाला भएका विद्यालयहरुले भाषागत विषय, सामाजिक, गणित विषयको लागि प्रस्ताव पेश गर्ने

२.३. खर्च प्रणाली

२.४ गुणस्तर नियन्त्रण ( स्थानीय तहको प्राबिधिकबाट हुनुपर्ने सोको सुनिश्चितताको पत्र)

२.५ कार्यसम्पन्न प्रतिबेदन ( विशेषज्ञ र सम्बन्धित वडा)

२.६ सम्झौता अनुसारको निकाशा र भुक्तानी प्रकृया

## परिच्छेद- ३
## शिक्षण सिकाइमा प्रयोग

1. प्रयोग रणनीति
2. प्रत्यक्ष लाभान्वित विद्यार्थी संख्याः
3. अप्रत्यक्ष लाभान्वित विद्यार्थी संख्याः
4. प्रस्तावमा समाबेस हुनुपर्ने कागजातहरु

## परिच्छेद- ४

## प्रयोगशालाको औजार/सामग्रिको विबरण (स्पेसिफिकेशन) लागत इष्टिमेट

- कुन विषयको लागि प्रस्ताव पेश गर्ने सोही विषयका लागि विषयगत शिक्षकको सिफारिसमा स्पेसिफिकेशन तयार गरी राख्ने
- सम्बन्धित प्रविधिक तथा विज्ञबाट लागत इष्टिमेट तयार गर्न लगाई राख्ने

**नोट :** प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु

- ❑ यो वर्ष यस किसिमको कार्य दिइएको छैन भन्ने ब्यहोराको स्थानीय तहको सिफारीस
- ❑ प्रस्तावित कार्यक्रमा शिक्षा विकास समन्वय इकाइबाट कार्यक्रम प्राप्त भए नभएको सिफारीस
- ❑ विद्यालय व्यवस्थापन समितिको निर्णयका प्रतिलिपी